मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २६९ ● २०८३ साल भाद्र १९ गते शुक्रबार ● Friday 04, September 2026 ● सूर्योदय: बिहान ०५:४३ बजे ● सूर्यास्त: साँझ ०६:२१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## कृष्ण जन्माष्टमीलाई राम मन्दिरबाट सामग्री पठाइयो

**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
अयोध्याको राम मन्दिरसँग मन्दिरहरू जोड्न एक नवीन अभियान सुरु गरिएको छ। पहिलो पटक, श्री राम जन्मभूमि मन्दिरमा पूजा गरिने फूल, लुगा, सुक्खा फल, मिठाई, सौन्दर्य प्रशाधन, मयूरको प्वाँख, बाँसुरी आदि श्रीकृष्ण जन्माष्टमीको लागि अयोध्याबाट मथुरा पठाइएको छ। त्यस्तै, मंगल उपहार योजना अन्तर्गत जन्माष्टमीको लागि काशीबाट पनि यस्तै सामग्री पठाइएको छ। कार्यक्रम आयोजना गर्ने विश्व हिन्दू परिषद्का केन्द्रीय मन्त्री राजेन्द्र सिंह पंकजले धनंजय पाठकको नेतृत्वमा रहेको टोली बिहीबार २५ जना कार्यकर्तासहित दुई सवारी साधनमा शुभ सामग्री बोकेर अयोध्याबाट मथुराका लागि प्रस्थान गरेको बताए।
विश्व हिन्दू परिषद्का उपाध्यक्ष चम्पत राय तथाराजेन्द्र सिंह पंकजले टोलीलाई आशीर्वाद दिए र बिदाइ गरे । अधिकारीहरूले मन्दिर र पूजा अभ्यासहरू जोड्ने काम जारी रहने बताए। अन्य पूजा अभ्यासहरूको लागि पनि यस्तै शुभ सामग्री पठाइनेछ।

# २०२७ अप्रिलदेखि रामायण सर्किट रेल चलाउने सहमति

*रेलको सुविधा: यात्रुहरूको सहजताका लागि हाललाई एसी (AC) र स्लीपर श्रेणीका डिब्बाहरू मात्र सञ्चालन गरिनेछ।*
*सुरक्षा व्यवस्था: नेपाल खण्डमा नेपाली सुरक्षा निकाय र भारतीय खण्डमा भारतीय सुरक्षा निकायले रेल तथा यात्रुको सुरक्षा सम्हाल्नेछन्।*
*पूर्वाधार निरीक्षण: बैठकपछि दुवै देशका अधिकारीहरूले जयनगर–जनकपुरधाम–कुर्था रेलखण्डको ट्र्याक, सिग्नलिङ, भन्सार र अध्यागमन व्यवस्थाको स्थलगत निरीक्षण गरेका थिए।*
*प्रमुख सहभागी: भारतीय पक्षबाट वरिष्ठ डीसीएम अमृतेश कुमार, एसएसबी डीआईजी मधुकर अमिताभ र नेपालतर्फबाट भारतीय दूतावासका अपर राजदूत कुमार गौरव सिंह, वरिष्ठ मेकानिकल इन्जिनियर रौशन देव तथा धनुषाका प्रजिअ भूदेव झाको उपस्थिति थियो।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–जयनगर हुँदै भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालन गर्ने तयारीले गति लिएको छ । नेपाल र भारतका उच्चस्तरीय अधिकारीबीच जयनगरमा भएको महत्वपूर्ण बैठकमा अप्रिल २०२७ देखि जनकपुरधाम–अयोध्याबीच विशेष रामायण सर्किट रेल सञ्चालन गर्ने सैद्धान्तिक सहमति भएको जनाइएको छ।
जयनगर रेलवे स्टेशनस्थित विश्राम गृहमा बुधबार भएको बैठकमा दुवै देशका रेल, सुरक्षा, भन्सार, अध्यागमन तथा प्रशासनिक अधिकारीहरूको सहभागिता रहेको थियो । बैठकमा रेल सेवा सञ्चालनपूर्व आवश्यक रेल ट्र्याक, सिग्नलिङ, अध्यागमन, भन्सार चेकपोस्ट, यात्रु सुविधा तथा सुरक्षा व्यवस्थापन लगायतका विषयमा विस्तृत छलफल गरिएको थियो।
प्रस्तावित रेल सेवामा हालका लागि एसी र स्लीपर श्रेणीका डिब्बा मात्र सञ्चालन गर्ने तयारी गरिएको जनाइएको छ । साथै, नेपालतर्फको रेलखण्डमा नेपाली सुरक्षा निकाय र भारतीय भूभागमा भारतीय सुरक्षा निकायले यात्रु तथा रेल सुरक्षाको जिम्मेवारी सम्हाल्ने विषयमा समेत सहमति भएको बताइएको छ।
बैठकपछि दुवै देशका उच्च अधिकारीहरूले विशेष निरीक्षण यानमार्फत जयनगर–जनकपुरधाम–कुर्था रेलखण्डको स्थलगत निरीक्षण गरेका थिए। निरीक्षणका क्रममा रेलमार्गको वर्तमान अवस्था, सिग्नलिङ प्रणाली, सीमा क्षेत्रमा अध्यागमन तथा भन्सार व्यवस्थालगायतका विषयको समीक्षा गरिएको थियो।
अयोध्याबाट जनकपुरधाम आउने यात्रुहरूको सुरक्षा, अध्यागमन तथा आवागमन व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा पनि बैठकमा छलफल भएको थियो । रेल सेवा सञ्चालनमा आएपछि भारतको अयोध्या र नेपालको जनकपुरधामबीच धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।
सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई सीधा रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको छ । यसले नेपाल–भारतबीचको धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।
बैठकमा भारतीय पक्षबाट समस्तीपुर मण्डलका वरिष्ठ डीसीएम अमृतेश कुमार, वरिष्ठ डीओएम विजय प्रकाश, कस्टम कमिश्नर अरुण प्रसाद, एसएसबी डीआईजी मधुकर अमिताभ, ग्रामीण एसपी शिवम धाकडलगायतका अधिकारी सहभागी थिए।
नेपालतर्फबाट भारतीय दूतावासका अपर राजदूत कुमार गौरव सिंह, रेल मन्त्रालयका वरिष्ठ मेकानिकल इन्जिनियर रौशन देव, धनुषाका प्रमुख जिल्ला अधिकारी भूदेव झा, इरकन, आरपीएफ तथा स्थानीय अधिकारीहरूको सहभागिता रहेको थियो। सैद्धान्तिक सहमति भएसँगै अब रेल सेवा सञ्चालनका लागि आवश्यक द्विपक्षीय सम्झौता तथा अन्य औपचारिक प्रक्रिया अघि बढाउने तयारी गरिएको छ।

# मधेशका ३० जना सम्पर्कमा १६८ जना अझै बेपत्ता



मधेशदृष्टि
जनकपुरधाम।
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये मधेश प्रदेशका थप ३० जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन्। तर, हालसम्म १६८ जना अझै सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीपछि सम्पर्कविहीन भनिएका मधेश प्रदेशका ३० जनासँग टेलिफोनमार्फत सम्पर्क स्थापित भएको हो । सम्पर्कमा आउनेहरूमा पर्साको वीरगञ्जमा बसोबास गर्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ र श्याम मोक्तान, बाराको कलैया उपमहानगर पालिका–२२ का सत्यम राम तथा स्वर्ण गाउँपालिका–३ का रुपेश गुप्ता रहेका छन् । रौतहटको गढीमाई नगरपालिका–७ का मोविदा खातुन, सकिना खातुन र सलमान अन्सारी तथा ईशनाथ नगरपालिका–४ का सेख मजिद पनि सम्पर्कमा आएका छन्। चन्द्रपुर नगरपालिकाकी पवित्रा नेपाल सिलवाल र सम्राट सिलवालसँग समेत सम्पर्क भएको प्रहरीले जनाएको छ ।सर्लाहीको लालबन्दी नगरपालिका–१ का वृजकिशोर दास र सुनिता दास तथा बागमती नगरपालिका–६ का दिपेश थापा पनि परिवारको सम्पर्कमा आएका छन् । महोत्तरीबाट जलेश्वर नगरपालिका–१ का राकेशकुमार यादव, विपीनकुमार मण्डल र श्रीकेश यादव, लोहारपट्टी गाउँपालिकाका युवराज पाण्डे, औरही नगरपालिका–९ का सचिनकुमार यादव, गौशाला नगरपालिका–६ का आदित्यनारायण यादव तथा बर्दिवासका विकास भारती सम्पर्कमा आएका छन्।
त्यसैगरी धनुषाको सबैला नगरपालिकाका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार तथा जनकपुरधाम उपमहानगरपालिका–४ का रीतिक झा र विक्रम ठाकुरसँग सम्पर्क स्थापित भएको छ । जनकपुरधाम–११ का सुशान्त यादव पनि सम्पर्कमा आएका छन्।
सिरहाको गोलबजार नगरपालिका–१० का टार्जन बलम्पाकी, लहान नगरपालिका–४ का उमेश यादव र कञ्चनरुप नगरपालिका–८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार हाल सप्तरीका ४८ जना, पर्साका ३८ जना, बाराका २३ जना, सर्लाहीका १८ जना, रौतहटका १३ जना, सिरहाका १२ जना, महोत्तरीका १० जना तथा धनुषाका सात जना अझै सम्पर्कविहीन छन्।
मधेश प्रदेशका विभिन्न जिल्लाका नागरिक बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको सूचना आउन थालेपछि प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन व्यक्तिहरूको विवरण सङ्कलन सुरु गरेको हो ।प्रवक्ता ढकालका अनुसार बाढी तथा पहिरोपछि आफन्तसँग सम्पर्कविहीन भएकाहरूको खोजी तथा पहिचानमा सहयोग पुऱ्याउने उद्देश्यले प्रहरीमार्फत विवरण सङ्कलन गर्ने काम जारी छ।

# बाढीपीडितका लागि मधेशबाट सहयोगको ओइरो



मधेशदृष्टि
जनकपुरधाम।
भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएपछि पीडितहरूको सहयोगका लागि देश–विदेशबाट सहयोगी हातहरू अगाडि बढिरहेका छन्। विपद्को पीडामा परेका परिवारलाई राहत र सहयोग पुऱ्याउने अभियानमा मधेश प्रदेश सरकारदेखि स्थानीय तह, शिक्षक, चिकित्सक, उद्योगी–व्यवसायी तथा सर्वसाधारणसमेत सक्रिय बनेका छन्।
मधेश प्रदेश सरकारले बाढी प्रभावित क्षेत्रका लागि हालसम्म करिब साढे २ करोड रुपैयाँ बराबरको राहत सामग्री पठाइसकेको छ।
स्थानीय तहहरू पनि आर्थिक सहयोगमा जुटेका छन्। धनुषाको लक्ष्मीनिया गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा करिब ३० लाख रुपैयाँ सहयोग गरेको छ। गाउँपालिकाले ११ लाख ११ हजार १ सय ११ रुपैयाँ उपलब्ध गराएको छ भने

*बाँकी पृष्ठ ३ मा*

# बेपत्ता इन्जिनियर विकासको खोजी गर्न सरकारसँग आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भदौ १० गते रसुवासहित नेपालका चार जिल्लामा असर पर्ने गरी आएको विनाशकारी बाढीमा बेपत्ता भएका महोत्तरीको पिपरा गाउँपालिका–३ निवासी इन्जिनियर विकासकुमार यादवको परिवारले उनको शीघ्र खोजी तथा उद्धारका लागि सरकारसँग आग्रह गरेको छ।
त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनामा कार्यरत यादव बाढी आएपछि सम्पर्कविहीन भएका हुन् । बाढीको समयमा रसुवामै रहेकी उनकी श्रीमती इन्द्रा यादवका अनुसार विकास आफ्नो कोठाबाट केही टाढा रहेको आयोजनाको टनेलभित्रको कार्यालयमा गएका थिए।
उनका अनुसार श्रीमानसँग टनेलभित्रैबाट फोनमा अन्तिम पटक कुरा भएको थियो । नास्ता खाइरहेको समयमा फोन सम्पर्क भएपछि केहीबेरमै बाढी आएको उनले बताइन्।
टनेलभित्र अक्सिजन आपूर्तिसहित बस्न मिल्ने व्यवस्था रहेकाले श्रीमान् जीवितै फर्कने आशा अझै बाँकी रहेको इन्द्राको भनाइ छ । उनले बेपत्ताहरूको खोजी तथा उद्धारमा सरकारले ढिलाइ गरेको आरोपसमेत लगाइन्।
इन्जिनियर विकासका बुबा शम्भुनाथ यादवले

*बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# प्रतीक्षाको कठोरतामा हराइरहेका मधेशका परिवार

मधेशका केही परिवारका लागि बितेको १० दिन केवल पात्रोका पाना फेरिएको समय होइन, प्रत्येक क्षण आशा र त्रासबीच झुलिरहेको जीवन हो । आफ्ना प्रियजन सम्पर्कविहीन भएपछि उनीहरू न निदाउन सकेका छन्, न ढुक्क भएर सास फेर्न । मोबाइलको हरेक घण्टीले खबर ल्याउने आशा जगाउँछ, तर मौनताले फेरि निराश बनाउँछ । बेपत्ता व्यक्तिको परिवारले भोगिरहेको यो पीडा शब्दमा नअट्ने किसिमको छ; प्रतीक्षा आफैँमा एउटा कठोर सजाय बनेको छ ।

दुःखको कुरा, यस्तो अवस्थामा परिवारले सूचना खोज्दै प्रहरी कार्यालय, प्रशासन र विभिन्न निकायका ढोका ढकढक्याउनुपरेको छ । राज्यको पहिलो दायित्व आफ्ना नागरिकको जीवन र सुरक्षाको सुनिश्चितता गर्नु हो । कोही बेपत्ता भएको सूचना प्राप्त भएपछि खोजी, उद्धार र सत्यतथ्य सार्वजनिक गर्ने काममा कुनै ढिलाइ स्वीकार्य हुन सक्दैन । दस दिनसम्म पनि स्पष्ट जानकारी नहुनु केवल प्रशासनिक कमजोरी होइन, पीडित परिवारप्रतिको गम्भीर संवेदनहीनता हो ।

सम्बन्धित निकायहरूले खोजी कार्यलाई औपचारिकता होइन, उच्च प्राथमिकताको मानवीय जिम्मेवारीका रूपमा अघि बढाउनुपर्छ । सम्भावित स्थानमा प्रभावकारी अनुसन्धान, सीमावर्ती तथा स्थानीय संयन्त्रबीच समन्वय, अस्पताल र प्रहरी अभिलेखको जाँच, तथा परिवारलाई नियमित र विश्वसनीय सूचना दिने व्यवस्था तुरुन्त हुनुपर्छ । अफवाह र आशंकाले परिवारको पीडा अझ गहिरो बनाउँछ; त्यसैले राज्यले तथ्यमा आधारित सूचना दिनुपर्छ—खबर सकारात्मक होस् वा दुःखद, सत्य लुकाइनु हुँदैन ।

बेपत्ता व्यक्तिका परिवारलाई सहानुभूतिको दुई शब्द मात्र पर्याप्त हुँदैन । उनीहरूलाई कानुनी सहायता, मनोसामाजिक सहयोग र आवश्यक राहत उपलब्ध गराउनु पनि राज्यको दायित्व हो । स्थानीय जनप्रतिनिधि, नागरिक समाज र सञ्चारमाध्यमले समेत खोजी अभियानलाई दबाबमूलक र जिम्मेवार ढंगले अघि बढाउनुपर्छ । मधेशका नागरिकको पीडा कुनै क्षेत्रीय वा राजनीतिक मुद्दा होइन; यो मानव जीवन, नागरिक अधिकार र राज्यको जवाफदेहितासँग जोडिएको प्रश्न हो ।

प्रतीक्षामा बसेका परिवारहरूलाई अब आश्वासन होइन, परिणाम चाहिएको छ । बेपत्ता नागरिकहरू सुरक्षित रूपमा घर फर्कून् । यो सबैको पहिलो कामना हो । तर यदि कुनै अप्रिय सत्य लुकेको छ भने त्यसलाई सार्वजनिक गरी परिवारलाई न्याय र सम्मानका साथ जानकारी दिनुपर्छ । राज्यको विश्वसनीयता संकटमा परेका नागरिकका आँसु पुछ्ने क्षमताबाट मापन हुन्छ । मधेशका परिवारले बिताइरहेको यो कठोर प्रतीक्षा अन्त्य गर्न सरकार तत्काल सक्रिय होस् किनकि मौनता पनि अन्यायको एउटा रूप हो ।

# व्यावसायिकताको बाटोमा भलिबल



–राजु सिलवाल÷रासस

नेपालमा हालैका वर्षमा खेलकुदमा व्यावसायिकता मौलाउँदै गएपछि सम्बन्धित खेलका खेलाडीमा केही हदसम्म भए पनि राहतको महसुस हुन थालेको छ । नेपालमा खेलेर बाँच्न सकिने अवस्था नभएपछि वैदेशिक रोजगारका लागि विभिन्न खेलका प्रतिभाशाली खेलाडी विदेशिनेक्रम बढिरहेका अवस्थामा निजी क्षेत्रको सक्रियतामा खेलकुदका प्रतियोगिता हुन थालेपछि त्यसले सकारात्मक वातावरण सिर्जना गरेको छ । क्रिकेट, फुटबल, बास्केटबल, कबड्डी तथा भलिबलजस्ता खेलका खेलाडीले फ्रेन्चाइज लिगका कारण नेपालमै खेलेबापत पारिश्रमिक पाउनु व्यावसायिक अभ्यासको सुखद सङ्केत मानिएको छ ।

यसैक्रममा नेपालमा विगत कैयौँ वर्षदेखि हिमालदेखि तराईसम्म लोकप्रिय मानिएको भलिबल अब खेलमा मात्र सीमित नभएर युवालाई भविश्यको सम्भावनाको ढोका खोल्ने स्थितिमा पुगेको छ । मनोरञ्जनका साथै खेलाडीबीच आपसी प्रतिस्पर्धामा रुमलिरहेको भलिबल प्रतिभावान खेलाडीको जीवन गुजारा गर्ने माध्यम बन्नसक्ने सम्भावना बढेको छ । नेपालमा पहिलोपटक उचाइको नयाँ उडान नाराका साथ यही भदौ १९ गतेदेखि सुरु हुन लागेको पुरुषको नेपाल भलिबल लिग एनभीएलले भलिबल खेललाई पनि पेसाका रूपमा स्थापित गर्दै व्यावसायिकताको नयाँ अध्याय सुरु गर्दैछ ।

निजी क्षेत्रको केडिया समूह तथा नेपाल भलिबल सङ्घको सहकार्यमा आयोजित एनभिएल प्रतियोगितामा नेपाली खेलाडी विदेशी खेलाडीसँगै पारिश्रमिक लिएर विभिन्न छ वटा फ्रेन्चाइज टिममा अनुबन्धित भएका छन् । नेपाल भलिबल लिग देशको व्यावसायिक फ्रेन्चाइजमा आधारित पहिलो पुरुष भलिबल प्रतियोगिता हो । यसले भलिबल खेलको स्तर उकास्न, नयाँ प्रतिभाको खोजी गर्न तथा राष्ट्रिय खेलमार्फत देशलाई एकताबद्ध गर्ने अपेक्षा गरिएको छ । नेपालमा भलिबल खेललाई व्यावसायिक बनाएर खेलाडीहरूको यथोचित प्रगतिकालागि सघाउनु प्रतियोगिताको मूल लक्ष्य रहेको छ ।

### बाढीपीडितप्रति समर्पित

भलिबल खेल अत्यन्त लोकप्रिय भएको रसुवा, नुवाकोट जिल्ला अहिले बाढी पहिरोले क्षतिग्रस्त भएको छ । विगतमा नियमित रूपमा अन्य खेलका साथै भलिबल प्रतियोगिता आयोजना हुँदै आएको रसुवामा बर्सेनि आयोजना हुने 'रेडपाण्डा' भलिबल प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन योगदान गरेको छ । नुवाकोटमा राष्ट्रियस्तरका भलिबल प्रतियोगिता आयोजना हुनुका साथै राष्ट्रिय टिममा त्यहाँका खेलाडीको प्रतिनिधित्व भइसकेको छ ।

रसुवा र नुवाकोटमा नेपाल भलिबल सङ्घको जिल्ला शाखा क्रियाशील रहेका छन् । अब ती जिल्लामा जनजीवन सामान्य भई फेरि कहिले खेलकुद प्रतियोगिता सञ्चालन हुने हो कुनै टुङ्गो छैन । बाढी, पहिरोको क्षतिबाट मुलुक नै शोकाकुल अवस्थामा भएको बेला आयोजना हुन लागेको एनभिएल भलिबल प्रतियोगिता बाढीपीडितका लागि समर्पित गरिने भएको छ । प्रतियोगिताको पहिलो दिन टिकट बिक्रीबाट सङ्कलन हुने रकम बाढी पीडितका लागि प्रदान गरिने लक्ष्य राखिएको छ ।

### महिला भलिबल स्थगित

भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै एभरेष्ट महिला भलिबल लिगको तेस्रो संस्करण भने स्थगित गरिएको छ । नेपालमा आयोजित एभरेष्ट महिला भलिबल लिग इभिएल प्रतियोगिता एशियाकै पहिलो व्यावसायिक महिला भलिबल लिग मानिएको छ । यो इण्डोर भलिबल फ्रेन्चाइज लिग आगामी असोज १५ गतेदेखि सुरु गरिने पूर्वनिर्धारित कार्यक्रम रहेको थियो । यसपाली स्वदेशी तथा विदेशी खेलाडीहरु सम्मिलित छ वटा टिमको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिएको थियो ।

### टिमको संरचना

नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गरेका छ वटा टिम सगरमाथा स्मासर्स, मधेस वारियर्स, काठमाडौँ रेड्स, अन्नपूर्ण स्पाइकर किङ्ग्स, कर्णाली शिवराज तथा खप्तड फाल्कन्सले यो प्रतियोगितामा सहभागिता जनाउँदै छन् । प्रत्येक टिममा मुलुकको प्रतिनिधित्व गरेका एक खेलाडीलाई मार्की खेलाडीका रूपमा चयन गरिएको छ ।

यसैगरी टिममा सात जना स्वदेशी खेलाडीलाई अनुबन्ध गर्नुपर्ने नियम रहेको छ । प्रत्येक टिमले 'क'स्तरका चार जना खेलाडी आफ्नो टिममा राख्न पाउने छन् । यस्तै तीन जना विदेशी खेलाडीलाई टिममा समावेश गर्न पाइनेछ । यस प्रतियोगितामा स्थानीय प्रतिभाशाली खेलाडीलाई पनि अवसर दिने लक्ष्यअनुसार हरेक टिमले छनोट शिविर सञ्चालन गरेर अनिवार्य रूपमा एक जनालाई समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### लाखौँ पारिश्रमिक

एनभिएल भलिबलमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन् । प्रतियोगिताको आयोजनादेखि लिएर सहभागी छ वटा टिमका लागि निजी क्षेत्रका व्यापारिक समुदायबाट आवश्यक लगानी गरिएको छ । नेपाली भलिबल खेलाडीलाई एनभिएल भलिबलमा लाखौँ पारिश्रमिक लाखौँ पारिश्रमिक दिने प्रतिबद्धता व्यक्त गर्दै अनुबन्धित गरिएको छ । उनीहरुलाई अक्सनमार्फत खेलाडीको स्तरअनुसार विभिन्न श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको हो ।

प्रत्येक टिममा महत्वपूर्ण खेलाडीका रूपमा चयन गरिएका मार्की खेलाडीलाई आकर्षक पारिश्रमिक दिइएको अपेक्षा गरिए पनि रकम भने घोषणा गरिएको छैन । खेलाडीको अक्सनमा 'क' श्रेणीका खेलाडीलाई रु एक लाख २० हजारसम्म तथा 'ख' श्रेणीका खेलाडीलाई रु ७० हजारसम्म निर्धारण गरिएको थियो ।

यसैगरी, प्रत्येक टिमका लागि चयन गरिएका प्रमुख प्रशिक्षकलाई दिइने पारिश्रमिक पनि सार्वजनिक गरिएको छैन । विभिन्न टिमका लागि खेलाइने विदेशी खेलाडीलाई नेपाली खेलाडीभन्दा बढी पारिश्रमिकका साथै अन्य सुविधा प्रदान गरिँदैछ ।

### विदेशी खेलाडीको आकर्षण

एनभिएल लिगको आकर्षण विदेशी खेलाडीको सहभागिता पनि हो । नेपाली दर्शकले विभिन्न मुलुकका खेलाडीलाई नेपाली खेलाडीका साथ टिममा देख्न पाउने छन् । यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगत रूपमा सम्पर्क हुने अवसर मिल्नुका साथै सीप सिक्ने मौका पाउने छन् । राम्रो प्रदर्शन गर्ने नेपालीका लागि भोलि विदेशी लिगमा सहभागिताको ढोका खुल्न सक्नेछ ।

प्रतियोगिताको सहभागी अन्नपूर्ण स्पाइकर किङ्गसले मङ्गोलियाका तीन जना खेलाडीलाई भित्र्याएको छ । कर्णाली शिवराज टिमले पोल्याण्ड र बेलारुसका खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ भने मधेस वारियर्सले भारतीय खेलाडी एवं काठमाडौँ रेडस तथा सगरमाथा स्म्यार्सले पाकिस्तानी खेलाडीलाई अनुबन्धित गरेका छन् । खप्तड फाल्कन्स टिमले अफ्रिकी राष्ट्र बेनिनबाट खेलाडी भित्र्याएको छ भने ब्राजिल तथा रसियाका खेलाडी ल्याइने बताइएको छ ।

### दर्शकको उपस्थिति

नेपालमा भलिबल खेलप्रति विगतदेखि नै दर्शकको अभिरुचि अत्यधिक रहेको छ । नेपालका विभिन्न जिल्लामा आयोजना भएका भलिबल प्रतियोगितामा हजारौँ दर्शकको उपस्थिति हुने गरेको छ । राष्ट्रिय खेलकुद परिषद्मा हालसम्म भलिबल खेलका लागि मात्र छुट्टै खेल स्थल नभएकाले सीमित दर्शक क्षमता भएको काठमाडौँको त्रिपुरेश्वरस्थित कभर्डहलमा राष्ट्रियस्तरका प्रतियोगिता हुने गरेका छन् । सोही स्थलमा आयोजना हुने यो प्रतियोगितामा दर्शकको सङ्ख्या बढ्न जाने सहजै अनुमान गर्न सकिन्छ ।

### बढ्दो फ्रेन्चाइज लिग

नेपालमा विभिन्न खेलका व्यावसायिक फ्रेन्चाइज लिग प्रतियोगिता आयोजना गर्ने क्रम बढ्दै गएको छ । निजी क्षेत्रको सक्रियतामा सम्बन्धित खेल सङ्घको सहकार्यमा यस्ता प्रतियोगिता क्रमिक रूपमा आयोजना हुँदै आइरहेका छन् । नेपालमा फ्रेन्चाइज लिगको सुरुआत क्रिकेटबाट भएको थियो । एभरेष्ट प्रिमियर लिग क्रिकेट प्रतियोगिताले नेपालमा व्यावसायिक फ्रेन्चाइज लिगको प्रारम्भ गरेको थियो तर यो प्रतियोगिता चार संस्करणसम्म सञ्चालन भएपछि बन्द भएको थियो । धनगढी प्रिमियर लिग क्रिकेट प्रतियोगितामा काठमाडौँ उपत्यका बाहिर पहिलोपटक खेलाडीको अक्सन प्रणाली सुरु गरेको थियो ।

यस्तै, पोखरा प्रिमियर लिग क्रिकेट प्रतियोगिताको लोकप्रियता पनि कम छैन । नेपाल प्रिमियर लिग एनपिएल भने नेपालकै ठूलो 'ट ट्वान्टी' क्रिकेट लिगका रूपमा स्थापित हुन पुगेको छ । दुई संस्करण सफलतापूर्वक सञ्चालन भइसकेको एनपिएल यो वर्ष तेस्रो पटक आयोजना हुँदैछ । नेपाल सुपर लिग नेपालको पहिलो व्यावसायिक फ्रेन्चाइज फुटबल प्रतियोगिताका रूपमा आयोजना हुँदै आएको छ ।

नेपालमा महिला भलिबलको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता एभरेष्ट वुमन्स भलिबल प्रतियोगिताको दुई संस्करण सम्पन्न भइसकेका छन् । बास्केटबल खेलतर्फ पुरुष तथा महिलाका लागि नेपाल बास्केटबल लिग पनि फ्रेन्चाइज प्रतियोगिताको रूपमा स्थापित भएको छ । यसबाहेक, कबड्डी खेलको फ्रेन्चाइज प्रतियोगिता आयोजना भइसकेको छ ।

### राष्ट्रिय खेल

नेपाल सरकारले गत २०७४ साल जेठ ८ गते भलिबललाई राष्ट्रिय खेलको मान्यता प्रदान गरेको थियो । कम खर्चमा गाउँदेखि सहरसम्म सजिलै खेल सकिने यस खेलको लोकप्रियतालाई दृष्टिगत गरेर सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो । पुरुष तथा तथा महिला दुवैको समान सहभागिता रहेको भलिबल खेल स्कूल तहदेखि राष्ट्रियस्तरसम्म खेल्ने गरिएको छ ।

### अन्तरराष्ट्रिय उपाधि

नेपाली भलिबल टिमले विगतमा विभिन्न अन्तरराष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । पुरुष भलिबल टिमको तुलनामा महिला भलिबल टिमले उल्लेखनीय रूपमा उपाधि प्राप्त गरेको छ । बङ्गलादेशमा सन २०१९ मा भएको एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई लगातार सोझो सेटले पराजित गर्दै भलिबलको इतिहासमा पहिलो उपाधि हासिल गर्दै स्वर्ण पदक जितेको थियो । सन् २०२१ मा बङ्गलादेशमा सम्पन्न एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले उज्वेकिस्तानलाई फाइनलमा दुईकाविरुद्ध तीन सेटले पराजित गर्दै दोस्रो पटक उपाधि जित्न सफल भएको थियो ।

नेपालको राष्ट्रिय पुरुष भलिबल टिमले सन् २०१५ मा आयोजित दक्षिण एशियाली पुरुष भलिबल च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेको थियो । यस्तै माल्दिभ्समा सन् २०१७ मा सम्पन्न एभिसी सेन्ट्रल जोन सिनियर मेन्स भलिबल च्याम्पियनसिपमामा पनि नेपालले कास्य पदक जितेको थियो । केही सातापछि जापानमा हुने बिसौँ एशियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय भलिबल टिमले पनि प्रतिस्पर्धा गर्दैछ । भुटानमा जारी काभाबीच भलिबल प्रतियोगितामा पनि नेपालको तर्फबाट पुरुष तथा महिलाको चार बेग्लाबेग्लै टिमले प्रतिस्पर्धा गर्दैछन् ।

समष्टिमा एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुनेछ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जानेछ । मुलुकको खेलकुद विकासका लागि सरकारको मात्र भरपर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ ।

नेपालमा हाल आयोजना हुँदै आइरहेका विभिन्न फेन्चाइज प्रतियोगिता प्रायः राजधानी काठमाडौँमा मात्र सीमित रहेका अवस्थामा यसलाई राजधानी बाहिर पनि विस्तार गर्न सकिएका खण्डमा ओझेलमा परेका अन्य प्रतिभाशाली खेलाडी पनि लाभान्वित हुनसक्ने आकलन गर्न सकिन्छ ।

यसैगरी, खेलकुदप्रेमी स्वदेशी तथा विदेशीको संयुक्त सहभागिता रहेको टिमको स्तरीय प्रतियोगिता हेर्ने अवसरबाट लाभान्वित हुनसक्ने थिए । यस्ता प्रतियोगिताको आयोजनाबाट विभिन्न जिल्लामा खेलकुदका पूर्वाधार निर्माण हुनुका साथै फेन्चाइज प्रतियोगिताका लागि लगानीका नयाँ सम्भावना खोज्न सघाउ पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ । रासस

# आफैँ बाँच्ने आशा मारिसकेका राजेन्द्रले बचाए सात जनाको ज्यान

–वसन्त भण्डारी / रासस

'बाढी आइरहेको छ, हेर त ।' रातभरको काम सकेर कोठामा फर्किनुभएका राजेन्द्र थापा मगरलाई एक साथीले बाहिरबाट बोलाए । बाहिर निस्केर हेर्दा आफूहरू बसेको स्थानभन्दा करिब ८० मिटर तल रहेको खोला अस्वाभाविक रूपमा उर्लिरहेको थियो ।

रसुवामा साढे दुई वर्षदेखि काम गर्दै आएका राजेन्द्रलाई त्यहाँको खोलाको सामान्य अवस्था थाहा थियो । त्यस बिहान भने अवस्था फरक देखियो । रातिको काम बिहान ६:०० बजे सकेर कोठामा फर्किएका उनले हातमुख धोएर खाजा खाए । केहीबेर आराम गर्दै गर्दा साथीले बाढी आएको खबर गरेका थिए ।

खोलाको अवस्था देखेपछि उन हतारिँदै कोठामा फर्किए । रातिको 'ड्युटी' सकेर सुतेका सालो नवीन स्याङ्तान र अर्का साथीलाई उठाए । तीनै जना सुरक्षित स्थानतर्फ भाग्न थाले तर केही क्षणमै भाग्ने बाटो पनि बाढीले छेक्यो । 'बाटोतिर भाग्न खोज्दा त्यतैबाट बाढी आयो । बम पड्किएजस्तो आवाज थियो, ठूला–ठूला ढुङ्गा आइरहेका थिए,' त्यो क्षण सम्झँदै राजेन्द्रले भने, 'हामी बसेको कोठाबाट निस्किएर भाग्दा–भाग्दै कोठा नै गइसक्यो । त्यहाँ सुतेका मान्छे उठ्नै पाएनन् ।'

भाग्ने बाटो बन्द भएपछि राजेन्द्रसहितका कामदार नजिकै चिनियाँ कामदार बस्ने मेसतर्फ पुगे । त्यहाँबाट पनि माथि उक्लने सहज बाटो थिएन । बाढीले संरचना भत्काइरहेको थियो । तल राखिएका सिलिन्डरलगायत सामग्री बगिरहेका थिए । चारैतिर भागदौड र चिच्याहट थियो ।

त्यस क्षण आफू बाँच्ने आशा पनि मारिसकेको राजेन्द्र सुनाउँछन् । 'अब बाँचे बाँच्छौँ, मरे मर्छौँ भन्ने भइसकेको थियो । भाग्ने ठाउँ थिएन,' उनले भने । त्यही निराशाबीच उनले बाहिर निस्कने उपाय खोज्नुभयो । एउटा ढोका फोरेर झ्यालबाट निस्किएपछि पर्खाल चढेर माथि पुग्नुभयो । आफू माथि पुगेपछि उनले तल फसेका साथीलाई एकपछि अर्को गर्दै माथि तान्न थाल्नुभयो । सुरुमा एक चिनियाँ कामदारलाई निकाल्ने प्रयास गरे । तर सफल हुन् सकेन । त्यसपछि साथी सुजन गोलेसहित अरूलाई ताने । अन्तिमतिर आफ्नै सालो नवीन आत्तिएर माथि आउन सकिरहेका थिएनन् । 'मैले बोलाएको बोलायै गरेँ । बल्ल ऊ आयो र उसलाई पनि तानेँ,' राजेन्द्रले भने, 'त्यसरी सात जनालाई माथि तानेर बचाउन सकेँ ।'

हेटौँडा उपमहानगरपालिका–१५ का नवीन कामका लागि रसुवा पुगेको १२ दिन मात्रै भएको थियो । पहिलोपटक कामका लागि त्यहाँ पुगेका उनी पनि रातिको ड्युटी सकेर कोठामा सुतिरहेका थिए । 'म सुतिरहेको थिएँ । भिनाजुले उठाएर लैजानुभयो । उनले तानेर नै म बाँच्न सफल भएँ,' नवीनले भने, 'धेरै साथी आँखा अगाडि नै बाढीमा परे, हामी चाहीँ बाँच्यौँ ।'
बाढीबाट तत्काल ज्यान जोगाएर माथिल्लो सुरक्षित स्थानमा पुगेपछि राजेन्द्रले घरमा फोन गरे । मोबाइलमा पर्याप्त चार्ज थिएन । परिवारसँग लामो कुराकानी गर्ने अवस्था पनि थिएन । आफू बाँचेको र चिन्ता नगर्न परिवारलाई जानकारी गराएपछि उनको मोबाइल बन्द भयो ।

राजेन्द्रकी श्रीमती करिश्मासिंह तामाङका अनुसार बाढी आएपछि श्रीमान्सँग केही मिनेट कुराकानी भएको थियो । त्यसपछि सम्पर्क टुट्यो । 'सम्पर्क गर्न धेरै प्रयास गर्‍यौँ तर फोन लागेन,' उनले भने, 'उनले 'म सुरक्षित छु, चिन्ता नगर' भन्नुभएको थियो । त्यही कुराले उन फर्केर आउनुहुन्छ भन्ने आशा थियो ।' करिश्माका लागि चिन्ता श्रीमान्को मात्रै थिएन । बाढी प्रभावित क्षेत्रमा उनका भाइ नवीन पनि थिए । श्रीमान् र भाइ दुवैको अवस्था बुझ्न नपाउँदा परिवारका सदस्यको चिन्ता दिन बित्दै जाँदा बढिरहेको थियो ।

राजेन्द्र र नवीन भने बाढीबाट जोगिएपछि अन्य कामदारसँगै माथिल्लो क्षेत्रतर्फ लागेका थिए । तत्काल बाहिर निस्कने अवस्था नभएपछि उनीहरूले स्थानीय विद्यालयमा आश्रय लिए । राजेन्द्रका अनुसार पाँच दिनसम्म त्यहीँ बसेर छैटौँ दिनमा उद्धार गरिएको थियो । त्यो अवधिमा सहज खाना र बसोबासको व्यवस्था थिएन । बिस्कुट, चाउचाउलगायत उपलब्ध खानेकुराको भरमा दिन बिताउनुपरेको उनले सुनाए । बाढीमा सहकर्मी गुमाएको पीडा र आफू कहिले घर पुग्ने भन्ने अनिश्चितताबीच उनीहरू उद्धारको प्रतीक्षामा थिए ।

हेटौँडामा परिवार भने उनीहरूको अवस्थाबारे थप जानकारी खोजिरहेको थियो । हेटौँडा उपमहानगरपालिका–१५ का वडाध्यक्ष सुनिल मोक्तानका अनुसार राजेन्द्र र नवीनको अवस्था पत्ता लगाउन विभिन्न निकायसँग समन्वय गरिएको थियो । गृह मन्त्रालय र मुख्यमन्त्रीको सचिवालयदेखि जिल्ला प्रशासनसम्म समन्वय गरेर उनीहरू सुरक्षित रहेको प्रमाण खोजिएको उनले बताए । त्यसक्रममा सुरक्षित स्थानमा बसेका व्यक्तिहरूको एउटा भिडियो प्राप्त भयो ।

मोक्तानले उक्त भिडियो परिवारलाई पठाए । भिडियोमा आफ्ना मान्छे छन् कि छैनन् भनेर हेर्न आग्रह गरेपछि परिवारले नवीनलाई चिन्यो । 'भिडियोमा आफ्नो मान्छे देखिएपछि मात्रै हामी ढुक्क भयौँ,' वडाध्यक्ष मोक्तानले भने । त्यसपछि पनि उनीहरूलाई सुरक्षित रूपमा फर्काउन विभिन्न निकायसँग समन्वय जारी राखिएको उनले बताए । अन्ततः नेपाली सेनाको हेलिकप्टरमार्फत उनीहरूको उद्धार भयो । राजेन्द्रका अनुसार हेलिकप्टरले उनीहरूलाई धुन्चेसम्म ल्याएको थियो । त्यसपछि सवारीसाधनमार्फत काठमाडौँ हुँदै उनीहरू हेटौँडा फर्किएका हुन् ।

धेरै दिनको प्रतीक्षापछि राजेन्द्र र नवीन सकुशल हेटौँडा फर्किए । राजेन्द्रकी सासूआमाले बाढी र त्यसपछिको अवस्था आफूलाई अझै सपना जस्तो लाग्ने बताए । 'धन्न जोगिएर आउनुभयो । अरुलाई पनि जोगाउनु भएछ,' उनले भने ।

वडाध्यक्ष मोक्तानका अनुसार बाढीमा वडाका दुई जनाको मृत्यु भइसकेको छ भने हिरा स्याङ्तान अझै सम्पर्कविहीन छन् । 'देश नै रोइरहेको बेला खुसी छौँ भन्न त नमिल्ला,' उनले भने, 'तर हाम्रा दुई भाइ जीवित भएर फर्किनुभएको छ, त्यसमा हामीलाई राहत महसुस भएको छ ।' वडाले राजेन्द्र र नवीनको स्वास्थ्य उपचार तथा बाढीमा हराएका नागरिकतालगायत आवश्यक कागजात पुनः बनाउन सहयोग गर्ने मोक्तानले बताए ।

रोजगारीले राजेन्द्रलाई साढे दुई वर्षदेखि रसुवामा राखेको थियो । नवीन भने काम थालेको १२ दिनमै विपत्तिमा परे । बाढीले उनीहरूका लत्ताकपडा र कागजात बगायो, सँगै काम गरेका धेरै साथी छुटे । पाँच दिन विद्यालयमा उद्धारको प्रतीक्षा गरेर छैटौँ दिन बाहिरिएका राजेन्द्र र नवीन अहिले परिवारसँग छन् । बाढी आएको त्यो बिहान आफू बाँच्ने आशासमेत मारिसकेका राजेन्द्र घर फर्किँदा भने एक्लै बाँचेको अनुभव लिएर फर्किएनन् । आफू सुरक्षित स्थानमा पुगेर पनि फर्कीफर्की अरूलाई तानेका उनले आफ्नै भनाइमा सात जनाको ज्यान जोगाए ।

# हामीले गरेको नगण्य गल्तीको ठूलो सजाय भोग्यौँ : प्रधानमन्त्री शाह




**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले हामीले गरेको नगन्य गल्तीको ठूलो सजाय भोगेको बताएका छन् । रसुवाको भोटेकोशी नदीमा आएको बाढी त्यसैको प्रतिफल भएको उनको भनाइ छ।

यो विपद् हाम्रा लागि निकै पीडादायी रहेको उल्लेख गर्दै उनले बिहीबार सामाजिक सञ्जालमार्फत उनले उल्लेख गरेका छन्, ‘हामीले विश्वलाई लामो समयदेखि भनिरहेकै थियौँ –जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा ठूलो असर परिरहेको छ, हिमालहरू पग्लदै छन् । यसको असर हिमालय क्षेत्रमा मात्रै होइन, समुन्द्रको तटसम्म पुगिरहेको छ।

हामीलाई विगतदेखि नै जुन डर थियो त्यो यथार्थमा रसुवाको भोटेकोशी नदीमा भीषण बाढी बनेर आयो ।’ उनले नेपालले त्रासदीपूर्ण घटना बेहोरेको उल्लेख गर्दै हामीले यसको जवाफ विश्व समुदायसँग खोज्नुपर्ने र हामीले यसबारे मानव सभ्यतालाई जवाफ दिनुपर्ने बताए।

प्रधानमन्त्री शाहले प्राकृतिक विपद् व्यवस्थापन सबैका लागि चुनौतीपूर्ण नै हुने उल्लेख गर्दै उपलब्ध स्रोत–साधनहरूको प्रयोग गरी हामी अहोरात्र खटिरहेका बताए ।साथै यस विपद्मा हामीलाई अन्तर्राष्ट्रिय स्तरबाट पनि सहयोग प्राप्त भइरहेको उनको भनाइ छ । उनले प्रदेश र स्थानीय तहसँगको समन्वयमा प्रभावित क्षेत्रमा विभिन्न होल्डिङ सेन्टरहरू सञ्चालन गरी नागरिकहरूलाई बसोबास गराइरहेका उल्लेख गरेका छन् । प्रभावितका लागि खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्रीहरू उपलब्ध गराइरहेको उनको भनाइ छ।

‘नुवाकोटमा सञ्चालित २४ होल्डिङ सेन्टरमा २ हजार ७९६ जना नागरिकहरू बसोबास गरिरहनुभएको छ। रसुवाका ५ वटा होल्डिङ सेन्टरहरूमा १९५ र काठमाडौँका २ स्थानमा होल्डिङ सेन्टर सञ्चालन गरी रसुवाका विभिन्न प्रभावित क्षेत्रका ३०० जना नागरिकहरूलाई बसोबास गराइरहेका छौँ। यस्तै, रसुवाका विभिन्न क्षेत्रका ४५०० जना नागरिकहरूलाई प्रत्येक दिन हेलिकप्टरमार्फत राहत वितरण गराइरहेका छौं,’ उनले भनेका छन्।

**सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय**
प्रधानमन्त्री शाहले बाढी आए लगत्तै हामीले (सम्पर्क हुन सकेका) प्रभावित जिल्लाका स्थानीय कर्मचारी तथा जनप्रतिनिधिहरूसँग घटनाबारे जानकारी लिएको उल्लेख गर्दै उनीहरूले दिएको प्रारम्भिक सूचनाका आधारमा समेत विपद् प्रतिकार्य अघि बढाएको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत प्रत्यक्ष रूपमा निरन्तर उनीहरूसँग संवाद जारी रहेको र उनीहरूका गुनासो सम्बोधन पनि भइरहेको उनको भनाइ छ।

घटना भएकै दिन मन्त्रिपरिषद्को बैठकबाट प्रभावित जिल्लाका स्थानीय तहहरूलाई ३ महिनाको अवधिका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा ३२ अनुसार विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको उनले उल्लेख गरेका छन्।

घटनाको भोलिपल्ट (भदौ ११ गते) बाढी प्रभावित क्षेत्रमा हामी पुग्दा बागमती प्रदेशका मुख्यमन्त्रीको टोलीसँग विपद् व्यवस्थापनबारे छलफल भएको र त्यसपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उहाँहरूसँग छलफल गरी विपद् व्यवस्थापनमा आआफ्नो जिम्मेवारी अझै गम्भीर रूपमा निर्वाह गर्ने निर्णय भएको प्रधानमन्त्रीको भनाइ छ।

**पूर्वाधार पुनःस्थापना**
प्रधानमन्त्री शाहले बाढीबाट प्रभावित पूर्वाधार पुनःस्थापनामा काम भइरहेको बताउनुभएको छ । प्रभावित क्षेत्रमा सञ्चार क्षेत्रमा ९५ प्रतिशतभन्दा बढी र ५.७७ प्रतिशत घरधुरीमा मात्रै विद्युत् सेवा पुर्याउन बाँकी रहेको उल्लेख गरेका छन् । अन्य पूर्वधार पहिल्यकै अवस्थामा फर्काउन सम्बन्धित मन्त्रालयहरूको नेतृत्वमा तीव्र गतिमा काम भइरहेको उनको भनाइ छ । पूर्वाधार पुनःस्थापना विपद्मा परेका नागरिकहरूका लागि अर्को एउटा राहत भएको उनको भनाइ छ।

‘गल्छी–मुग्लिन सडकखण्डअन्तर्गत कृष्णभीरको हिलसाइडमा ‘ग्याबियन ब्रेस्ट वाल’ माथिबाट सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी निर्माण अघि बढाइएको छ । आजदेखि रुख कटान र भित्ता काटेर ट्र्याक खोल्ने काम सुरु भएको छ,’ उनले भने, ‘कृष्णभीरको समस्या दीर्घकालीन रूपमा समाधानका लागि टनेल, सोइल नेलिङ, सिट पाइललगायतका विकल्पबारे आवश्यक अध्ययन गरिनेछ । भदौभित्र उक्त सडकखण्डमा यातायात सञ्चालन गर्नेछौं। परेवाभीरमा डाइभर्सन निर्माण भइ यातायात सुरु भइसकेको छ भने त्यसको स्तरोन्नतिको काम पनि भइरहेको छ।’

त्रिशूली–वेत्रावती सडकखण्डअन्तर्गतको १० किलोमिटरमध्ये ८ किलोमिटरमा लेदो हटाइएको छ भने बाँकी २ किलोमिटरमा काम जारी छ। क्षतिग्रस्त थप ३५ किलोमिटरमा काम गर्नका लागि आपत्कालीन बोलपत्र आह्वान भइसकेको उनको भनाइ छ । उनका अनुसार तादीमा बेलिब्रिज राख्न फाउण्डेसन निर्माण सुरु भइसकेको छ। भोलिसम्म तादीमा बेलिब्रिज पुर्याउने प्रयास भइरहेको छ । बेत्रावतीमा बेलिब्रिज राख्न सर्भे भइ फाउण्डेसन निर्माण सुरु भएको छ। त्रिशूलीमा सर्भे सकिएको छ। यो स्थानमा १२० मिटरको बेलिब्रिज आवश्यक देखिएको उनको भनाइ छ। रासस

# रक्षा बन्धनमा घर आउने भनेका सुनिल अझै बेपत्ता

सर्लाही।
भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका आफन्तहरूका परिवार यतिबेला शोकमा छन् । बाढीपछि बेपत्ता भएकाको खबर पाउने आशमा रहेका परिवार समय घर्किंदै गएसँगै निराश बन्दै गएका छन् । रक्षाबन्धनका लागि घर आउने तयारी गरेका हरिवन नगरपालिका–५ घुर्कौलीका ३१ वर्षीय सुनिलकुमार कुशवाहाको परिवार पनि शोकमा छन्।

तीन दिदीबहिनीका भाइ सुनिल बाढी आउनु केही मिनेट पहिलासम्म परिवारको सम्पर्कमा थिए। भाइलाई राखी बाँध्ने तयारीमा विवाह गरेर गएका दिदीबहिनी घर आएका थिए । तर भदौ १० गते बिहान आएको विनाशकारी बाढीले राखी पर्व मनाउन घर आउने सुनिलको योजना असफल हुनुका साथै भाइको नाडीमा राखी बाँधेर दीर्घायुको कामना गर्ने दिदीबहिनीको सपना पनि अधुरो रह्यो।

घरको एक मात्र दाजु बेपत्ता भएपछि सम्पूर्ण परिवार टुहुरो जस्तो बनेको सुनिलका भाइ तिरज कुशवाहले बताए । घटनाको भोलिपल्टदेखि तिरज दाजुको खोजीमा नुवाकोटस्थित नेपाली सेनाको ब्यारेक आसपासमा भौँतारी रहेका छन् । घटनापछि परिवारसँगै उनको गाउँ शोकमा डुबेको छ। घरमा केही नयाँ मान्छे आए सुनिलका ८० वर्षीय बुबा राम औतार महतो हतारिँदै छोराको खबर बुझ्न पुग्छन्।

घटनाको नौ दिनसम्म पनि दाजुको अत्तोपत्तो नलागेको भन्दै तिरजले निराशा व्यक्त गर्दै भने, ‘घरमा दाजु लिएर आउँछ भनेर आश गरेर बस्नुभएको छ । यता दाजुको अत्तोपत्तो छैन ।’ सुनिल घरको छोराहरूमध्ये जेठो सन्तान हुन् । माइलो भाइ विजय वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका छन् । सानैदेखि इमानदार र मेहनती सुनिल पढाइमा समेत अब्बल रहेको बुबा औतारले बताए।

खेतीकिसानी गरेर जसोतसो इन्जिनियर बनाएको छोरा बाढीपछि हराएको खबरले बुबाको आँखा ओभाएको छैन । परिवारका अन्य सदस्यसमेत सुनिल घर आउनेमा आशावादी देखिन्थे । सुनिलले भारतको बेङ्लोरमा इन्जिनियरिङ गरेका हुन् । नेपाल आएपछि उनले झन्डै चार वर्ष रामेछापको एक निर्माण कम्पनीमा काम गरे । उनले काम गर्ने ठाउँ र कामका बारे त्यतिबेला परिवारलाई राम्रोसँग जानकारीसमेत थिएन।

पुसपछि रामेछापको जागिर छाडेर दाजु त्रिशूली ३ ‘बी’ मा काम गर्न गएको तिरजले जानकारी दिए । सुनिलको श्रीमती र ७ महिना पुग्न लागेकी छोरी छन् । स्याङ्जा निवासी निरू भट्टराईसँग ४ वर्षपहिले सुनिलको विवाह भएको थियो । २०८२ फागुन २७ गते सुत्केरी श्रीमती र छोरी छोडेर नुवाकोट पुग्नुभएको उन त्यसपछि घर आउन पाएका थिएनन्।

बाढी आउनु दुई दिनपहिला मात्र सुनिल दाजुसँग कुरा भएको तिरजले सुनाए, ‘दाजु मोटरसाइकल चलाउनु हुन्न। म काठमाडौँमा पढ्न बस्छु । मसँग मोटरसाइकल भएकाले ११ गतेसम्म दाजु काठमाडौँ आउने र रक्षाबन्धनका लागि १२ गते हामी दाजुभाइ सर्लाही पुग्ने तयारी थियो । दाजुले काम सकेर छिट्टै आउँछु भन्नुभएको थियो । बाढी गएको दिन बुधबार बिहान ८:०० बजेतिर घरमा भाउजूसँग पनि कुरा गर्नुभएको रहेछ। त्यसपछि दाजु सम्पर्कविहीन हुनुभयो।’

सुनिलले १० गते बिहान ८:०० बजे सर्लाहीमा श्रीमती निरूसँग फोनमा रक्षाबन्धनका लागि घर आउनलागेको बताएका थिए । सोही दिन एक्कासि भोटेकोशीमा भीषण बाढी आएको र ठूलो बितण्डा मच्चाएको श्रव्यदृश्य सामग्रीहरू सामाजिक सञ्जालमा फैलिन थाल्यो । ‘सुरुमा सुनिल नुवाकोटको कुनै सुरक्षित ठाँउमा छन् भन्ने लाग्यो,’ भाइ तिरजले भने, ‘त्यसपछि लगातार सम्पर्कको प्रयास ग¥यौँ तर कुनै प्रतिक्रिया आएन त्यसपछि हामी छाँगाबाट खसे जस्तै भएका छाँै।’

‘घटनाको दिन के गर्ने कुनै भेउ पाएनौँ। भोलिपल्ट नुवाकोट पुगे । खोज्दै जाँदा थाहा भयो दाजु बेत्रावतीभन्दा धेरै माथि त्रिशूली ३ ‘बी’ मा काम गर्नुहुँदो रहेछ,’ भाइ तिरजले भने । उनका अनुसार सुनिलको मोबाइल ‘लोकेसन’ बुधबार बिहान ९:१० मा अन्तिम पटक त्रिशूली बजारमा सक्रिय देखिएको थियो। ‘दाजुसँगै काम गर्ने एकजना कर्मचारी भेटेको थिए । बाढी हेरेर आउँछु भनेर निस्किनु भएछ । भीषण बाढी देखेपछि माथितिर भागेर बाँचेको सुनाउनुभयो,’ उनले भने।

‘मेरो दाजु काम गर्दै हुनुहुन्थ्यो रे । फर्केर गएर भाग भन्न भ्याइन दाजुसँगै काम गर्ने कर्मचारीले भने। माथि पुगेर हेर्दा पूरै बगर बनिसकेको थियो। त्यसपछि दुई दिन जङ्गलमा बसेर ज्यान जोगाएँ,’ भाइ तिरजले भने । उनको कुरा सुनेपछि दाजु भेट्छु भन्ने आश मरिसकेको उनको भनाइ छ। तर पनि मनमा दाजु कतै अलपत्र छन् कि झैँ लागिरहने बताउँदै उनले सोही आशले यो ठाउँ छाडेर फर्कन नसकेको उल्लेख गरे। दाजुको अफिस भएको ठाउँको नामोनिसान छैन।

‘दाजु काम गरेको ठाउँमा खोजी हुँदैछ । ठाउँ निकै जोखिमपूर्ण छ,’ तिरजले भने। त्रिशूली ३ ‘बी’ तर्फ उद्धारको कार्य ढिलाइ भएको उनले दुखेसो पोखे। गृहमन्त्रीदेखि आर्मी, पुलिस र सशस्त्र सबैलाई अनुनयविनय गरिरहेको भन्दै उनले दिदीबहिनी अझै भाइको दीर्घायुको कामना गर्न राखी लिएर बाटो कुरिरहेका बताए।

तिरजका अनुसार उनका दाजुले काम गरेको कम्पनीका सेफ्टी डिपार्टका एक जना कर्मचारी सोमबार मात्र सम्पर्कमा आएका छन्।

‘ती कर्मचारी पनि ९ गते छुट्टीमा रहेकाले बच्नुभएको रहेछ,’ उनले भने, ‘त्यसबाहेक कम्पनीका कोही पनि अहिलेसम्म सम्पर्कमा आएका छैनन् । हामीलाई प्रहरीले कम्पनीका प्रतिनिधिको फोन नम्बर दिएका छन्। फोन कसैको उठ्दैन। हामी निकै पीडामा छौँ।’ रासस

## बेपत्ता इन्जिनियर विकासको...

छोराको खोजीका लागि सरकारले उपलब्ध सबै संयन्त्र र प्रविधिको प्रयोग गर्नुपर्ने बताए।

टनेलभित्र ४० देखि ४२ जना इन्जिनियरसहित अन्य कर्मचारीसमेत रहेको उल्लेख गर्दै उनले सरकारलाई आफ्ना सन्तानसरह सबैको जीवन रक्षाका लागि गम्भीर बन्न आग्रह गरे।

यस्तै, विकासका ससुरा विजय यादवले भारतलगायतका देशबाट प्राविधिक टोली पठाउने प्रारम्भिक प्रस्तावलाई सरकारले स्वीकार नगरेको आरोप लगाए । उद्धारमा भएको ढिलासुस्तीका कारण बाँच्न सक्ने मानिसहरूको समेत ज्यान जोखिममा परेको उनको दाबी छ।

बाढीले बगाएर बेपत्ता भएका वा ज्यान गुमाएकाबाहेक विभिन्न स्थानमा फसेका व्यक्तिहरूको तत्काल उद्धार हुनुपर्ने भन्दै परिवारले खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सरकारसँग माग गरेको छ।

## बाढीपीडितका लागि मधेशबाट...

जनप्रतिनिधिहरूको तर्फबाट ५ लाख २३ हजार ५ सय रुपैयाँ, कर्मचारीहरूको तर्फबाट ५ लाख ४६ हजार ७ सय ९९ रुपैयाँ तथा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीबाट ७ लाख ८४ हजार १ सय ७२ रुपैयाँ कोषमा जम्मा गरिएको हो।

त्यसैगरी धनौजी नगरपालिकाले १५ लाख १५ हजार ५ सय १५ रुपैयाँ सहयोग गरेको छ । पर्साको महागढीमाई नगरपालिकाले ४१ लाख ५१ हजार रुपैयाँ तथा ठोरी गाउँपालिकाले ११ लाख रुपैयाँ सहयोग गरेको छ । महोत्तरीको मटिहानी नगरपालिकाले ५ लाख रुपैयाँ उपलब्ध गराएको छ।

निजी क्षेत्र र विभिन्न सामाजिक संघसंस्थाले समेत राहत अभियानलाई तीव्र बनाएका छन् । जनकपुरस्थित एभरेष्ट सुगर मिल्सले ५१ लाख रुपैयाँ सहयोग गरेको छ भने रौतहटको नेत्रज्योति संघले १० लाख रुपैयाँ प्रदान गरेको छ।

यस्तै, जनकपुरको महावीर युवा कमिटीले १ लाख २५ हजार रुपैयाँ र जानकी हेल्थकेयरले ५ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्।

उद्योग वाणिज्य संघ जनकपुरले भने ५० लाखदेखि १ करोड रुपैयाँ बराबरको राहत सामग्री बाढी प्रभावित क्षेत्रमा पठाउने तयारी गरिरहेको जनाएको छ। संघका अध्यक्ष सुरेन्द्र भण्डारीका अनुसार प्रभावित क्षेत्रको आवश्यकतालाई ध्यानमा राख्दै व्यवसायीहरूबाट खाद्यान्न र लत्ताकपडा सङ्कलन भइरहेको छ । उनका अनुसार बाढीपीडितका लागि २ हजार थान ट्र्याकसुट निर्माण गर्न अर्डर दिइसकिएको छ। ती सामग्री तयार हुनासाथ प्रभावित क्षेत्रमा लगेर वितरण गर्ने तयारी गरिएको छ।

भण्डारीले विपद्को असर सिङ्गो देशले भोगिरहेको उल्लेख गर्दै संकटका बेला सबैले आ–आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताए।

मधेश प्रदेशका विभिन्न सहरबाट पनि खाद्यान्न, लत्ताकपडा, औषधि, टेन्ट, त्रिपाल तथा दैनिक उपभोग्य सामग्री बोकेर राहत टोलीहरू बाढी प्रभावित क्षेत्रतर्फ जाने क्रम जारी छ । कोही व्यक्तिगत पहलमा त कोही सामूहिक रूपमा सहयोग सङ्कलन गरेर पीडितसम्म राहत पु¥याउन जुटिरहेका छन्।

विपद्को घडीमा मधेशबाट देखिएको यो सहयोग र ऐक्यबद्धताले पीडित परिवारको दुःखमा केही राहत मिल्ने अपेक्षा गरिएको छ।

# ‘आमा, धन्न बाँचेर आएँ’

**प्रगति ढकाल/रासस**
‘आमा, म बाँचेर आएँ। तपाईं किन रुनुभएको ? यता हेर्नुस् त आमा, म त फर्केर आएको छु ।’ घर फर्किएपछि निरज भण्डारीले भावुक आमालाई यसरी सम्झाए। छोरा आँखै अगाडि छोरालाई देख्दा पनि आमा प्रेमकुमारी ढकालका आँसु थामिएनन् । उन केहीबेर घुक्कघुक्क गर्दै रोइरहे । घरमा सन्नाटा छाएको थियो । छोरा फर्किएको खुसीभन्दा मनमा त्रास बढेको थियो।

‘आमा, म त फर्केर आएँ, खरानीबाट उठेर आएँ...‘

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले भदौ २३ र २४ गतेको ‘जेन्जी’ आन्दोलनको घटना क्रमलाई समेटेर लेखेका यो गीतको भावसँग गोरखा सिरानचोक गाउँपालिकाका निरजको कथा पनि मिल्छ। निरज बसका सहचालकका रूपमा काम गर्दै आएका थिए।

भदौ १० गते बिहान करिब ४ः३० बजे उन पालुङटार नगरपालिका–५ बाट ३६ यात्रु बोकेको पृथ्वी यातायातको ग२ख ११५२ नम्बरको बसमा रसुवाको गोसाइँकुण्ड यात्राका लागि निस्के।

कहिले लोकगीत, कहिले आधुनिक त कहिले तीज गीत घन्काउँदै गाडी अगाडि बढिरहेको थियो। के थाहा यात्रुहरूलाई गाडीले गोसाइँकुण्ड नपु¥याउँदै मृत्युको मुखमा पु¥याउँदैछ । यात्रासँगै यात्रुको जीवन र मृत्युबीचको दूरी नजिक धकेलिरहेको थियो। बिहान बाढीले छोराले चलाउने गाडी नै बगायो रे भन्ने खबर आयो। त्यसपछि घरमा रुवाबासी नै चल्यो, परिवारले निरजको खबर पाउन सकेन।

दिन बितिसक्न लाग्यो। छोराले फोन गर्छ कि भन्दै पटकपटक फोन हेर्दै बसेकी आमा प्रेमकुमारीको मुटुमा चिसो पस्न थाल्यो। छोरालाई पनि त्यही भेलले बगायो झैँ लाग्न थाल्यो । छोरा आउने आशा र डर मिश्रित आमाको मन छट्पटाउन थाल्यो । निरजको मोबाइल पनि गाडीसँगै भेलले बगाएको रहेछ।

एकाएक समाचार आउन थाल्योः पालुङटारबाट आज बिहान गोसाइँकुण्डका लागि छुटेको गाडीमा सवार सहचालकसहित छ जनाले हामफालेर ज्यान जोगाए । खबर सुनेपछि पनि प्रेमकुमारीलाई छोराको आवाज नसुनेसम्म छोरा जिवित रहेको भन्ने निश्चित लागेन। साँझपख मात्रै निरजले कसैको फोन मागेर बुबालाई फोन गर्नुभएको थियो। ‘छोराले फोन गरेपछि बल्ल लामो स्वास फेरेँ । कहिले छोरो आउला र देखौँला ? जस्तो भयो। छोरा घर फर्केपछि खुसीले आँसु नै रोकिएन,’ रुन्चे स्वरमा उन भन्नुहुन्छ। भोटेकोशीको बाढीले धेरै परिवारका सपना बगायो । कसैलाई आफन्तविहीन बनायो, कसैको घरबार खोस्यो । तर निरजजस्ता केहीका लागि त्यो विनाशको बीचबाट घर फर्किनु पुनर्जन्म जस्तै बन्यो।

**बाढीलाई समान्य ठानियो**
गल्छीमा नास्ता खाएर गाडी नुवाकोटतर्फ अघि बढ्यो। गल्छीमा नै हुँदा रसुवाबाट बाढी आएको छ रे भन्ने गाइँगुइँ कुरा सुनिएको थियो तर त्यस्तो महाविपत्ति होला भनेर कसैले पत्ताएनन् । यात्रुहरू आ–आफ्नै कुराकानीमा थिए । बाहिर घाम लागिरहेको थियो । त्रिशूली नदी पनि सधैँ झैँ आफ्नै गतिमा सुस्तरी बगिरहेको देखिन्थ्यो।

नुवाकोटको भैँसे भन्ने स्थानमा पुगेपछि कसैले अचानक भन्यो, ‘बाढी आइरहेको छ, भागौँभागौँ।’ तर त्यो आवाजलाई कसैले गम्भीरतापूर्वक लिएनन् । ‘यस्तो घाम लागिरहेको छ, कसरी बाढी आउँछ ?‘ गाडीभित्र यात्रुबीच कुरा चल्यो। केही क्षणअघिसम्म सामान्य देखिएको वातावरण एकाएक बदलियो । गड्याङगुडुङको आवाज सुनियो। त्यो आवाज सामान्य थिएन। मानौँ कुनै ठूलो प्रलय आउनुअघि प्रकृतिले दिएको अन्तिम सङ्केत थियो।

‘गाडी रोक, गाडी रोक !’ अचानक चर्को आवाज आयो।

ढोका नजिकै बसेका सहचालक निरजले माथिबाट माटो, ढुङ्गा र लेदो मिसिएको ठूलो बाढीको छाल आउँदै गरेको देखे । उनले चालक सागर देवकोटालाई गाडी रोक्न भने । तर गाडी पार गरिहालिन्छ भन्ने सोचेर चालकले रोक्न नमानेको बताउँछन् निरज।

त्यसपछि केही सेकेन्डमै सबैथोक बदलियो । ‘धुलोसहितको ठूलो बाढीको छाल देखेँ। दृश्य नै अर्कै थियो,’ निरज सम्झिन्छन्, ‘चालकलाई मैले ‘भागौँ, बाढी आइसक्यो दाइ’ भनेँ । कटिहालिन्छ भनेर होला, ड्राइभर दाइले गाडी रोक्नै मान्नुभएन। म त ढोकाबाट हामफालेर माथितिर दौडेँ।’

त्यहाँबाट तल फर्केर हेर्दा उनले देखेको दृश्य अहिले पनि आँखाबाट हटेको छैन । गाडी थिएन। गाडी सँगैसँगै भएका यात्रु बगाए। दैनिकजसो गााडीमा सँगै हिंड्ने चालकलाई निरजले हेरे । देखेनन्। केही क्षणअघि मानिसको चहलपहल रहेको सडक र वरपरको भूभाग हेर्दाहेर्दै बगरमा परिणत भइसकेको थियो। भेलसँगै बगिसकेको गाडीलाई निरज चाहेर पनि केही गर्नसक्ने अवस्थामा थिएन, न त्यहाँ अरू कसैले सहयोग गर्नसक्ने अवस्था थियो। ‘आफू बाँचेको खुसीभन्दा पनि आफूलाई माया गर्ने सागर दाइलगायत आफूसँगै आएका ३० जनाभन्दा बढी यात्रुलाई बाढीले बगाएको सम्झँदा धेरै दुःख लाग्छ,’ निरज भन्छन्।

**अझै बाँकी छ मानसिक सन्त्रास**
अहिले निरज घरमा आमा बासँग सुरक्षित छन्। र पनि अहिलेसम्म उनलाई मानसिक रूपमा सन्त्रास बाँकी नै छ। ‘त्यो घटनापछि बाबु राम्रोसँग बोलेको पनि छैन । हाँसेको पनि छैन। निरास देखिन्छ। खाना पनि रुचेन भन्छ,’ सानिमा गङ्गा ढकाल भन्छिन्, ‘सबैभन्दा बाबुलाई चालकले माया गर्थे । उनलाई गुमाउनुपर्दा धेरै चिन्तित बनेको हुनसक्छ । अहिले पनि एकान्तमा बसेर टोलाइरहन्छन् ।’ त्यो दृश्यले अझै झस्काइरहेको छ। निरजलाई सबै कुरा सपना जस्तै बनाएको छ।

बाढीले निरजको स्मृतिमा एउटा यस्तो दिन छाडेर गयो, जसलाई सम्झना साथ अहिले पनि उनको मन काँप्छ। यात्रुहरूसँगै बिताएका केही क्षण, बाटोमा भएका कुराकानी र बाढी आउनुअघिको त्यो सामान्य वातावरण अहिले निरजको सम्झनामा बारम्बार दोहोरिन्छ । अहिले पनि त्यो दिनसँगै यात्रा गरेका अरू कति त फर्किएलान् भन्ने आशा लाग्छ तर दिन बित्दै जाँदा आशाको दियो पनि मधुरो बन्दै गएको बताउँछन्। निराजलाई जस्तै अहिले आफन्त गुमाएका तथा हराइरहेका आफ्ना आफन्तका सम्झानाले सताइरहेको छ । गाडीमा सवार बद्री देवकोटा पनि हामफालेर बाँच्न सफल भए । रविन्द्र देवकोटाले पनि बाढीको भयावह दृश्य देखेपछि गाडीबाट हामफालेर ज्यान जोगाए । बचेर आउने अन्य रविन्द्र देवकोटा, तुलराम देवकोटा, बाबुराम देवकोटा, पार्वती न्यौपानेका लागि पनि उक्त घटना सम्झँदा अझै मन तर्सिरहेको छ । उनहरुले पनि बाहिरको दृश्य देखेपछि गाडीबाट हामफालेर ज्यान जोगाए।

पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तनले सम्पर्कविहीन तीर्थयात्रीको सकुशल उद्धारका लागि पालुङटार नगरपालिका निरन्तर रूपमा सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा रहेको जानकारी दिए । ‘सबै तीर्थयात्रीको यथाशक्य सकुशल उद्धारका लागि पालुङटार नगरपालिका सम्पूर्ण प्रयासमा प्रतिबद्ध छ,’ उनी भन्छन्।

गाउँ नै शोकमा
एउटै गाउँबाट यात्रा गरेका मानिस एकैपटक बेपत्ता भएपछि पालुङटार–५ नै शोकमा डुबेको छ । सबैका घरका आँगन सुनसान छन्। आफन्तको खोजीमा रहेका परिवारका आँखामा आशा र पीडा सँगसँगै देखिन्छ । कसैको घरमा प्रियजन फर्केर आउने प्रतीक्षा छ, कसैको घरमा सनाखतको खबरले सन्नाटा छाएको छ।

हिजोसम्म गाउँमा सुनिने हाँसो, कुराकानी र चहलपहलको ठाउँ अहिले फरक छ । बेपत्ता आफन्तको पर्खाइमा छन् कति । कति खोजमा व्यस्त छन् । अहिलेसम्म पनि सास पाइएको छैन। घाइते भएर कतै अड्किएको भए पनि कतिको त साता दिनसम्म उद्धार नहुँदा मृत्यु भइसक्यो कि भन्ने चिन्ता छ । सास नपाएपछि अव लास पाए पनि हुने भनेर कुर्दैछन् आफन्त।

भोटेकोशी बाढीका कारण आफ्नै ठाउँका तीर्थ यात्रु सवार बगाएदेखि नै गाउँ नै शोकमा रहेको बताउनुहन्छ, पालुङटार नगरपालिका–५ का वडाध्यक्ष दीपक पाण्डे । ‘गाडीमा ३६ जना यात्रु सवार थिए।

तीमध्ये छ जना सकुशल सम्पर्कमा आएका छन् भने ३० जना अझै बेपत्ता छन्,’ पाण्डे भन्छन्, ‘तीमध्ये कमला देवकोटा, केदार पण्डित, सुजता कौडाल, तारा रानाभाट र सुमी कुमालको सनाखत भइसकेको छ।’ बाढीले नदी किनार मात्रै बगाएन, यस गाउँको खुसी पनि सँगै बगाएर लगेको छ।

# रतौली युवा क्लबका कर्मचारीद्वारा डेढ लाख सहयोग




**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्राकृतिक तथा दैवी प्रकोपबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनस्र्थापनामा सहयोग पु¥याउने उद्देश्यले महोत्तरीको रतौली युवा क्लबका कर्मचारीहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ५० हजार रुपैयाँ सहयोग गरेका छन्।

क्लबमा कार्यरत कर्मचारीहरूले आपसी सहमति र स्वेच्छिक योगदानमार्फत उक्त रकम संकलन गरी कोषमा जम्मा गरेका हुन्।

रतौली युवा क्लबका अध्यक्ष साकिर खानका अनुसार विपद्बाट प्रभावित व्यक्ति तथा परिवारको राहत र पुनस्र्थापनामा सहयोग पु¥याउने उद्देश्यले कर्मचारीहरूले आफ्नो तर्फबाट आर्थिक सहयोग गरेका हुन्।

क्लबले सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको प्रमाणसहित सहयोग गर्ने कर्मचारीहरूको विवरण जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई समेत उपलब्ध गराएको जनाएको छ । विपद्को घडीमा पीडित नागरिकको राहत, उद्धार तथा पुनस्र्थापनाका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था र व्यक्तिहरूबाट सहयोग जुटिरहेको बेला रतौली युवा क्लबका कर्मचारीहरूले पनि ऐक्यबद्धता जनाउँदै आर्थिक सहयोग गरेका हुन्।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# भदौबाटै बजेट कार्यान्वयन गर्ने तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि भदौ महिनाबाटै बजेट कार्यान्वयन गर्ने तयारी गरेको छ। आर्थिक वर्षको अन्त्यमा मात्र विकास निर्माणका कामलाई तीव्रता दिने पुरानो प्रवृत्ति अन्त्य गर्ने उद्देश्यले यस पटक भदौ महिनादेखि अख्तियारी दिने कार्य शुरु गरिएको अर्थमन्त्रालयले जनाएको छ।

मन्त्रालयले भदौमै सबै मन्त्रालयलाई विनियोजित बजेट खर्च गर्न सक्ने अख्तियारी दिएको हो। यससँगै मन्त्रालयहरूले आफ्नो योजनाअनुसार विकास निर्माणका कामको प्रक्रिया अघि बढाउन सक्ने भएका छन्। यसअघि कर्मचारीको तलब, भत्ता, इन्धनलगायत चालु खर्च नियमित भए पनि विकास बजेट भने लामो समय रोकिराख्ने र आर्थिक वर्षको अन्तिम समयमा जेठ–असारमा हतारहतार खर्च गर्ने प्रवृत्ति रहेको थियो। आर्थिक वर्षको अन्त्यतिर फागुन महिनापछि बजेट कार्यान्वयन गर्दा हतार हतारमा काम पनि कमसल र बजेट फ्रिज हुने गरेको प्रवृति रोक्न यसपटक भदौ महिनादेखि कामको थालनी गरिएको अर्थमन्त्रालयको भनाई छ।

# १० वर्षीया बालिका मृत फेला

**मधेशदृष्टि**
**सर्लाही।**
धनकौल गाउँपालिका–३ हरकठवाबाट चार दिनदेखि बेपत्ता १० वर्षीया बालिका मृत फेला परेकी छन्। स्थानीय रामविनय यादवकी छोरी १० वर्षीया चाँदकुमारी यादव गत आइतबारदेखि हराएकी थिइन्।

बुधबार साँझ धनकौल गाउँपालिका–४ स्थित मनुष्मारा खोलामा उनलाई मृत अवस्थामा फेला पारिएको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षक गोपीकृष्ण सुबेदीले जानकारी दिए।

प्रहरीका अनुसार बालिकाको नुहाउने क्रममा खोलामा डुबेर मृत्यु भएको हुनसक्ने प्रारम्भिक आशंका गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको सुवेदीले बताए।

# मारवाडी सेवा समिति राहत सामग्री लिएर नुवाकोट प्रस्थान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित मारवाडी सेवा समिति भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारका लागि राहत सामग्री लिएर नुवाकोट प्रस्थान गरेको छ।

समितिका पदाधिकारी तथा सदस्यहरू खाद्यान्न, लत्ताकपडा र औषधिसहितको राहत सामग्री लिएर बिहीबार बाढी प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेका हुन्। बाढीका कारण घरबार तथा सम्पत्ति गुमाएका पीडित परिवारलाई तत्काल राहत पुर्‍याउने उद्देश्यले सामग्री संकलन गरी प्रभावित क्षेत्रमा पठाइएको समितिले जनाएको छ।

समितिका अध्यक्ष प्रमोदकुमार चौधरीले बाढीपीडितको दुःखमा साथ दिने र उनीहरूलाई केही राहत पुग्ने उद्देश्यले संस्थाले सानो प्रयास गरेको बताए।

चौधरीका अनुसार समितिले करिब १८ लाख रुपैयाँ बराबरको राहत सामग्री संकलन गरेको छ। राहत सामग्रीमा चामल, दाल, चिउरा, चाउचाउलगायत खाद्यान्नका करिब ५ सय बोरा रहेका छन्। बाढीपीडितका लागि साडी, नाइटी, शर्ट, पाइन्ट र ज्याकेटलगायतका लत्ताकपडा पनि पठाइएको छ। प्रभावित क्षेत्रमा स्वास्थ्यसम्बन्धी समस्या आउन सक्ने अवस्थालाई ध्यानमा राख्दै आवश्यक औषधिसमेत राहत सामग्रीमा समावेश गरिएको चौधरीले जानकारी दिए।

राहत सामग्री लिएर गएको टोलीले नुवाकोटका बाढीबाट बढी प्रभावित परिवारको अवस्था बुझेर आवश्यकताका आधारमा सामग्री वितरण गर्ने जनाएको छ।

# राजर्षिजनकका पदाधिकारी तथा कर्मचारीले रकम जम्मा गर्ने

**जनकपुरधाम।**
राजर्षिजनक विश्वविद्यालयले भदौ १० गते रसुवास्थित भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनस्र्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्ने निर्णय गरेको छ।

विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयअनुसार विश्वविद्यालयअन्तर्गत विभिन्न तहका पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिकबाट निश्चित रकम कट्टागरी कोषमा जम्मा गरिने भएको हो।

विश्वविद्यालयका अनुसार उपकुलपति र रजिष्ट्रारको एक महिनाको तलब बराबरको रकम कट्टा गरिनेछ। त्यस्तै, डिन, निर्देशक, नियन्त्रक, प्राध्यापक, प्रशासक, सहप्राध्यापक, सहप्रशासकलगायत सो सरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १५ दिन बराबरको रकम कट्टा गरिनेछ।

सहायक डिन, सहनियन्त्रक, उपप्राध्यापक, उपप्रशासक वा सो सरहका कर्मचारीबाट १० दिनको, सहायक प्राध्यापक तथा शाखा अधिकृत वा सो सरहका कर्मचारीबाट सात दिनको तलब बराबरको रकम कट्टा गर्ने निर्णय भएको विश्वविद्यालयले जनाएको छ।

यसैगरी, मुख्य कार्यालय सहायक, कार्यालय सहायक वा सो सरहका कर्मचारीबाट पाँच दिन तथा सवारी चालक, कार्यालय सहयोगीलगायत श्रेणीविहीन कर्मचारीबाट दुई दिनको तलब बराबरको रकम कट्टा गरिनेछ।

रकम भदौ महिनाको तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरिने विश्वविद्यालयको रजिष्ट्रार कार्यालयले जनाएको छ।

विश्वविद्यालयका रजिस्ट्रार डा जीवन काफ्लेद्वारा जारी सूचनामा विपद्बाट प्रभावित परिवार तथा समुदायको राहत एवं पुनस्र्थापनाकार्यमा सहयोग पुर्‍याउने उद्देश्यले रकम कट्टा गर्न लागिएको उल्लेख छ। बैठकले बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा ठूलो जनधनको क्षति भएको भन्दै विश्वविद्यालयले दुःख तथा समवेदना व्यक्त गरेको छ।

# सानो पाइलाको राहत अभियान

**मधेशदृष्टि**
**वीरगंज।**
भदौ १० को विनाशकारी बाढीबाट प्रभावित रसुवाको उत्तरगया गाउँपालिकामा वीरगंजस्थित सामाजिक संस्था सानो पाइलाले राहतको सुरुआती काम थालेको छ। समुदायलाई राहत तथा खाद्यान्न सहयोग उपलब्ध गराउन सानो पाइलाको टोली उत्तरगयामा खटिएको हो।

आवश्यक राहत सामग्रीसहित पुगेको सानो पाइलाले स्थानीय जनप्रतिनिधि तथा समुदायसँग समन्वय गरी प्रभावित परिवारका लागि पोषणयुक्त खाना बनाएर खुनाउन थालेको जनाएको छ। रसुवा पुगेको टोलीले स्थानीय अवस्थाको प्रारम्भिक मूल्याङ्कन गर्दै प्रभावित समुदायको आवश्यकता पहिचान गरिरहेको छ।

सोही आधारमा तत्कालीन राहत तथा आवश्यक सहयोगलाई थप विस्तार गरिने संस्थाले जनाएको छ। सानो पाइलाका स्रोत परिचालन तथा व्यवस्थापन प्रमुख रौनकराज सर्राफका अनुसार अहिलेको प्राथमिकता प्रभावित परिवारलाई नियमित रूपमा पोषणयुक्त भोजन उपलब्ध गराउनु हो। भोजन तयारी तथा वितरणमा स्थानीय समुदाय समेत प्रत्यक्ष सहभागी रहेकाछन्। सानो पाइलाको टोली र स्थानीय समुदाय मिलेर कम्युनिटि किचेनमार्फत खाना बनाउने तथा प्रभावित परिवारसम्म भोजन पुर्‍याउने काम गरिरहेका सामाजिक संस्था सानो पाइलाले जनाएको छ।

सानो पाइलाले भोजन सेवामा मात्र सीमित नरही अस्थायी आवास, खानेपानी तथा सरसफाइ, स्वास्थ्य तथा संरक्षणसम्बन्धी सेवा, बाल संरक्षण, बालबालिकाको सिकाइ निरन्तरता, मनोसामाजिक सहयोग तथा प्रभावित परिवारलाई पुनस्र्थापनातर्फ लैजाने दीर्घकालीन योजना पनि बनाएको छ। तत्काल आधारभूत आवश्यकताको सम्बोधनसँगै प्रभावित परिवार तथा समुदायलाई क्रमशः आफ्नो दैनिक जीवनमा फर्किन सहयोग गर्ने संस्थाको लक्ष्य छ। सानो पाइलाले स्थानीय आवश्यकता, पहुँचको अवस्था र उपलब्ध स्रोतका आधारमा आगामी दिनमा राहत तथा पुनस्र्थापनाका कार्यक्रमलाई थप विस्तार गर्ने जनाएको छ।

यसैबीच, रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको सहयोगका लागि वीरगंजका जेनजी युवा राहत सामग्रीसहित रसुवातर्फ प्रस्थान गरेका छन्। वीरगंजस्थित गहवामाई मन्दिरको प्राङ्गणबाट युवाहरूले खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीसहितको राहत बोकेर प्रभावित क्षेत्रतर्फ यात्रा सुरु गरेका हुन्। बाढीका कारण घर, सम्पत्ति र आफन्त गुमाएका परिवारलाई मानवीय सहयोग पुर्‍याउने उद्देश्यले सञ्चालन गरिएको यस अभियानले विपद्को कठिन घडीमा सामाजिक एकता र युवा सहभागिताको सकारात्मक सन्देश दिएको छ। यसअघि पनि वीरगंजका विभिन्न सङ्घसंस्था तथा युवाहरूले रसुवा बाढीपीडितका लागि राहत सङ्कलन र सहयोग अभियान सञ्चालन गर्दै आएका छन्।

# बाढीमा फसेका ११४ नेपाली तातोपानी हुँदै फर्किए

**सिन्धुपाल्चोक।**
रसुवाको भोटेकोशी बाढीका कारण चीनतर्फ फसेका ११४ नेपाली नागरिक केरुङ क्षेत्रबाट आज तातोपानी नाका हुँदै नेपाल फर्किएका छन्।

तातोपानी अध्यागमन कार्यालयका प्रमुख पदमराज तिमल्सिनाका अनुसार चीनतर्फ सुरक्षित रहेका नेपाली नागरिकलाई चिनियाँ पक्षले राहदानी नम्बरसमेतको विवरणसहित तातोपानी नाकाको लिपिङ क्षेत्रमा ल्याएर नेपाली अधिकारीको जिम्मा लगाएको हो। 'चिनियाँ प्रतिनिधिले विभिन्न जिल्लाका ११४ नागरिकलाई तातोपानी नाकाको लिपिङ क्षेत्रमा हामीलाई जिम्मा लगाउनुभएको छ,' उनले भने, 'चिनियाँ पक्षले राहदानी नम्बरसमेतको विवरणसहित प्रभावितलाई नेपाल पठाएको हो।'

प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेका अनुसार बाढी प्रभावित क्षेत्रमा परेर चीनतर्फ सुरक्षित रहेका नेपाली नागरिकलाई चिनियाँ पक्षले तातोपानी नाका हुँदै नेपाल पठाएको हो। उनका अनुसार रसुवामा आएको विनाशकारी बाढीका कारण चीनतर्फ फसेका ११४ नेपाली आज तातोपानी नाका हुँदै नेपाल आइपुगेका हुन्। अहिले तातोपानी भन्सार बन्द रहे पनि पर्यटक आउजाउका लागि नाका खुला रहेको छ।

नेपाल फर्किनेमा अधिकांश सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्लाका रहेको जनाइएको छ। अस्थायी पास लिएर केरुङ पुगेका नेपालीलाई फर्काइएको ल्हासास्थित नेपाली महावाणिज्य दूतावासले जनाएको छ। रसुवागढी नाकाबाट केरुङसम्म सामान लिन, लोड–अनलोडको काम गर्न तथा होटेल तथा रेस्टुराँमा काम गर्न जाने नेपालीले भिसा लिनुनपर्ने व्यवस्था छ।

रसुवागढी नाका र पासाङल्हामु राजमार्ग बाढीका कारण कटानमा परेपछि अस्थायी पास लिएर केरुङ पुगेका नेपाली अलपत्र परेका थिए। महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाका अनुसार उनीहरुलाई तातोपानी नाकासम्म पुर्याउन चीनले सहजीकरण गरेको छ। अस्थायी अनुमति लिएर काम वा किनमेलका लागि जाने नेपाली तिब्बततर्फ ३० किलोमिटर भित्रसम्म मात्रै जान पाउँछन्। आफूसँग राहदानी र भिसा नभएका बाढीपछि तिब्बतमा अलपत्र परेका नागरिकलाई नेपाल फर्किन चीन सरकारले सहयोग गरेको महावाणिज्यदूत निरौलाले बताए। नेपाली महावाणिज्यदूतका अनुसार केरुङमा करिब एक हजार ६०० नेपाली रहेको अनुमान छ। तीमध्ये नेपाल फर्किनका लागि ८०० जनाले नाम टिपाएका छन्। 'धेरैजसो सामान लिन आएका, किनमेलका लागि आएका र लोड–अनलोडको काममा आएकाहरु छन्,' महावाणिज्यदूत निरौलाले भने, 'उहाँहरुले नेपाल फर्कन पाउँ भनेर नाम दर्ता गराउनुभएको छ।'

रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि उक्त क्षेत्रमा रहेका नेपाली नागरिक प्रभावित भएका छन्। केही नागरिक अझै सम्पर्कविहीन छन् भने चीनतर्फ सुरक्षित अवस्थामा रहेका नेपालीलाई स्वदेश फर्काउने प्रक्रिया अघि बढाइएको छ। बाढीपछि सम्पर्कविहीन रहेका सिन्धुपाल्चोकका २३९ जनाको अवस्था अझै अज्ञात छ। उनीहरूको खोजीमा आफन्त तथा सम्बन्धित निकाय लागिपरेका छन्। रासस

# औरही गाउँपालिकामा भ्रष्टाचार आरोपमा चार जनाविरुद्ध मुद्दा

**मधेशदृष्टि**
**सिरहा।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको औरही गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले आर्थिक वर्ष २०७८÷७९ मा सञ्चालन गरिएको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमअन्तर्गत माछाका भूरा र दानालगायत सामग्री खरिद तथा वितरणमा अनियमितता भएको आरोप लगाएको छ।

झुट्टा बिल तथा भरपाईका आधारमा बढी रकम भुक्तानी गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियारले बिहीबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको हो।

मुद्दा दायर हुनेमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कुसियैत, पशु शाखा प्रमुख रमेशनारायण शर्मा, लेखापाल आशिषकुमार कामती तथा औरही गाउँपालिका–४ स्थित प्रगतिशील कृषक समूहका अध्यक्ष रामभजन यादव रहेका छन्।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उनीहरुविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारबाहीको मागदाबी गरिएको छ।

आयोगले चार जनाविरुद्ध कुल ८ लाख २ हजार ८ सय ७८ रुपैयाँ बिगो कायम गरी सोहीअनुसार सजाय हुनुपर्ने मागसहित विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ।

# बाढीपछि कति आयो अन्तरराष्ट्रिय सहयोग ?

**काठमाडौँ।**
रसुवाको भोटेकोशीमा यही भदौ १० गते बिहान आएको बाढीपछि विभिन्न देश र अन्तरराष्ट्रिय क्षेत्रबाट सहयोग आउने क्रममा जारी छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको जानकारी अनुसार बाढी आएको पहिलो दिनदेखि नै सहयोग आइरहेको छ।

कार्यालयका अनुसार भारतले विभिन्न चरणमा आवश्यक सबै किसिमको सहयोग गरिरहेको छ। भारतले हालसम्म ५ चरणमा ७४ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराइसकेको छ। साथै, उद्धारका लागि विज्ञ टोलीहरू पनि प्रभावित क्षेत्रमा खटाइरहेको छ।

चीनले नेपाललाई ३० करोड रुपैयाँ र ५० टन राहत सामग्री उपलब्ध गराइसकेको छ। साथै, नेपाल सरकारले चीनसँग प्रभावित क्षेत्रका लागि ३० वटा बेलीब्रिज सहयोग गर्न अनुरोध गरेको छ।

पाकिस्तानबाट ८६ टन राहत सामग्री प्राप्त हुँदैछ। श्रीलङ्काले १० लाख अमेरिकी डलरको सहयोगको प्रतिबद्धता जनाएको छ। बङ्गलादेशले पनि राहत सामग्री पठाउने तयारी गरेको छ।

अमेरिकाबाट ५ लाख अमेरिकी डलर दिने प्रतिबद्धता आएको छ। अष्ट्रेलियाबाट १ मिलियन अमेरिकी डलर (नगद सहयोग) सहयोगको प्रतिबद्धता आएको छ भने विशेषज्ञसहित ड्रोन अपरेटरसहितको टोली चाँडै नेपाल आउने भएको छ।

यूएईले ८३ टन अत्यावश्यक राहत सामग्री उपलब्ध गराइसकेको छ भने १० मिलियन डलरसम्मको सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। कतारले पनि ४० टन राहत सामग्री उपलब्ध गराएको छ।

संयुक्त अधिराज्य (यूके)ले ५ मिलियन पाउण्डले सहयोग गर्ने घोषणा गरेको छ। त्यसैगरी, युरोपेली सङ्घअन्तर्गतको नागरिक सुरक्षा र मानवीय सहायता परिचालनले २ मिलियन यूरो, स्विट्जरल्याण्डले १ मिलियन अमेरिकी डलर, डेनमार्कले ३५ लाख डेनिस क्रोनर, जर्मनीले २ मिलियन अमेरिकी डलर, आयरल्याण्डले ५ लाख यूरो, चेक रिपब्लिकले २५ लाख चेक कोरुना, नर्वेले १२.७ मिलियन नर्वेजियन क्रोन सहयोगको घोषणा गरिसकेका छन्। साथै, फ्रान्सले प्रभावित क्षेत्रका २०० घरपरिवारका लागि आपतकालीन राहत सामग्री उपलब्ध गराएको छ। यस्तै, लक्जेम्बर्ग र लातभियाले पनि राहत सामग्री उपलब्ध गराएका छन्। रासस

# तेली कल्याण समाजको १ लाख सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
विनाशकारी बाढीबाट प्रभावित तथा पीडित परिवारको राहत तथा उद्धारका लागि तेली कल्याण समाज पर्साले १ लाख १ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ। समाजका अध्यक्ष ध्रुव साहको अध्यक्षतामा आज बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख १ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो।

बैठकमा समाजका नगर अध्यक्ष पन्नालाल साह तेली, जिल्ला सचिव वीरेन्द्र साह, गणेशप्रसाद साह, पारस साह, प्रदीप साह, श्रीलाल साह, ताराचन्द साह, मोहन साह, राजकुमार साह, उमेश साह, बाँके बिहारी साह, उपेन्द्र साह व्यास, कासी साहजी लगायतको उपस्थिति थियो। बैठकले प्राकृतिक विपद्का बेला पीडित तथा प्रभावित नागरिकलाई सहयोग गर्नु सामाजिक दायित्व भएको भन्दै राहत तथा उद्धार कार्यमा सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको छ।

यसैबीच डिभाइन इन्स्टिच्यूट अफ हेल्थ ट्रेनिङ एन्ड रिसर्च सेन्टर वीरगंजले बाढीपीडितलाई राहत सहयोग वापत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख १० हजार रुपैयाँ सहयोग जम्मा गरेको संस्थाले जनाएको छ।

# बेलवामा बाघ देखिएपछि सर्तक रहन आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–३१, बेलवा क्षेत्रमा बाघ देखिएको खबरपछि स्थानीयवासीमा त्रास फैलिएको छ। बाघको सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रहरीले स्थानीयवासीलाई सचेत र सतर्क रहन आग्रह गरेको छ। प्रहरीले माइकिङमार्फत अनावश्यक रूपमा घरबाहिर ननिस्कन तथा आवश्यक सावधानी अपनाउन सूचना प्रवाह गरिरहेको छ। विशेषगरी बालबालिका तथा वृद्धवृद्धालाई निगरानीमा राख्न र एक्लै बाहिर नजान समेत स्थानीयलाई आग्रह गरिएको छ। प्रहरीले बाघ देखिएको भनिएको क्षेत्र आसपासका बासिन्दालाई सतर्क रहँदै कुनै संदिग्ध गतिविधि वा बाघ देखिएमा तत्काल सुरक्षा निकायलाई जानकारी गराउन अनुरोध गरेको छ।

# सुरक्षित खानेपानीका लागि निर्देशिका तयार

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको सखुवा प्रसौनी गाउँपालिकालाई सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा नमुना पालिका बनाउने उद्देश्यले आवश्यक ऐन तथा निर्देशिका तयार गरिएको छ।

युनिसेफ नेपाल, सामाजिक संस्था जिल्ला समन्वय समिति (एनजीओसीसी) पर्सा र सखुवा प्रसौनी गाउँपालिकाको संयुक्त सहकार्यमा गाउँपालिकाको सभाहलमा आयोजित बैठकमा ऐन तथा निर्देशिका तयार भएको जानकारी दिइएको हो। बैठकले तयार पारिएको निर्देशिकालाई आगामी गाउँ सभाबाट पारित गरी राजपत्रमा प्रकाशित गर्न सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

# पोखरिया अस्पतालको एक्सरे मेसिन फेरि बिग्रियो

**मधेशदृष्टि**
**वीरगंज।**
पोखरिया प्रादेशिक अस्पतालमा लामो समयदेखि बन्द रहेको एक्सरे सेवा केही दिन सञ्चालनमा आएपछि पुनः बन्द भएको छ। एक्सरे मेसिन पटक–पटक बिग्रिने र मर्मतपछि पनि छोटो समयमै समस्या दोहोरिने गर्दा उपचारका लागि अस्पताल पुग्ने सेवाग्राही मारमा परेका छन्।

अस्पतालमा एक्सरे सेवा नियमित नहुँदा विपन्न तथा सर्वसाधारण बिरामी महँगो शुल्क तिरेर निजी क्लिनिकमा एक्सरे गराउन बाध्य भएका छन्। अस्पतालमै सस्तो र सहज रूपमा पाइने सेवा बन्द हुँदा आफूहरूलाई थप आर्थिक भार परेको सेवाग्राहीको गुनासो छ। स्रोतका अनुसार एक्सरे मेसिन मर्मतमा दक्ष प्राविधिकको सेवा लिनुपर्ने भए पनि पर्याप्त प्राविधिक ज्ञान नभएका प्रविधिक मार्फत काम गराउँदा समस्या दोहोरिने गरेको छ भने कतिपय अवस्थमा नीजि ल्याबको प्रभावमा परेर अस्पतालका ल्याव कर्मचारीले नै मेसिन बिगार्ने वा बिग्रिएको भनेर बहाना गर्ने गरेको समाचार स्रोतको दाबी छ।

# कलैया साक्षर स्थानीय तह घोषणा

**मधेशदृष्टि**
**कलैया।**
कलैया उपमहानगरपालिकालाई साक्षर स्थानीय तह घोषणा गरिएको छ। १५ देखि ६० वर्ष उमेर समूहका नागरिकको साक्षरता अवस्था सम्बन्धी तथ्यांक संकलन गर्दा उपमहानगरपालिकामा ९५.८३ प्रतिशत जनसंख्या साक्षर रहेको पाइएको आधारमा कलैयालाई साक्षर स्थानीय तह घोषणा गरिएको हो।

राष्ट्रिय साक्षरता अभियानको मापदण्डअनुसार १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत वा सोभन्दा बढी जनसंख्या साक्षर भएको स्थानीय तहलाई साक्षर स्थानीय तह घोषणा गर्न सकिने व्यवस्था छ। सोही मापदण्ड पूरा गरेपछि कलैया उपमहानगरपालिकालाई साक्षर स्थानीय तह घोषणा गर्न योग्य ठहर गरिएको थियो। नगर प्रमुख बिनोद साह र प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कंडेलले घोषणा–पत्रमार्फत कलैया उपमहानगरपालिकालाई साक्षर स्थानीय तह घोषणा गरिएको कुरा सार्वजनिक गरेका हुन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन